नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

अनामनगर, काठमाण्डौं

(अन्तर सरकारी वित्त समन्वय शाखा)

फ्याक्स नं.- ०१-४७७०३८६
फो.नं.- ०१-४७७११५०
ईमेल : lgfcs@fcgo.gov.np

प.सं. २०८२/८३
च.नं. ४४

मिति :- २०८२।०६।०७

विषय :- सुत्र प्रणाली संचालनमा रहेको समस्या सम्वन्धमा ।

श्री स्थानीय तह (सवै)

प्रस्तुत विषयमा यस महालेखा नियन्त्रक कार्यालयवाट स्थानीय तह संचित कोष व्यवस्थापना प्रणाली (SuTRA) को सहजीकरण गरिरहेको व्यहोरा अवगत नै छ।

२०८२।५।२४ गते देखि करिव १ हप्ता देशको असहज वातावरण र यसको प्रभाव स्वरुप सुत्र प्रणाली वन्द रहेको, त्यसपछि हाल सवै निकायले एकसाथ प्रणाली संचालन गर्दा अत्याधिक चाप रहेको, महान चाड वडादशैंको कारण सवै प्रकारका निकासाहरु र खर्च प्रणालीको काम हुदा प्रयोग कर्ता वढी भएको, प्रतिवेदन तयारी एव लेखापरीक्षणको काम भइरहेको, पालिकाहरुको कर छुट अवधिका कारण करदाताहरु कर तिर्ने चाप अति रहेको, प्रणालीको क्षमता सिमित हुदा एक साथ सेवा प्रवाह गर्न समस्या भएको, महालेखा नियन्त्रक कार्यालयवाट कार्यालय समय र विदाको दिनमा प्रणालीको क्षमता वढाउने काम गर्नु परेको कारणले सुत्र प्रणालीमा केही समस्या भइ प्रभावकारी वनाउन गुनासो लिखित र मौखिक रुपमा वढीरहेको अवस्था छ।

केही पालिकाहरुले विहान ७ वजेदेखि नै कर संकलन कार्य गरेको, विहान र वेलुका प्रणाली अति राम्रो भएको सुत्र प्रणाली मर्मत एव साना साना क्षमता वढाउने कार्य भईरहेको, EFT सर्भरमा क्षमता वढाउने काम भइरहेको हुदा दिनको ११ देखि ३ वजे सम्म प्रयोग कर्ता वढी हुदा २०८२।६।७ देखि २०८२।६।१० सम्म सुत्र प्रणाली सुस्त हुने व्यहोरा जानकारी गराउदै यसवाट सवैमा परेको असुविधा प्रति क्षमा सहित अनुरोध छ।

२०८२।६।७

(यज्ञ प्रसाद ढकाल)
उप-महालेखा नियन्त्रक

Scanned with CamScanner
CamScanner

राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं.
च.नं.
मितिः.................................

श्री सरोकारवाहरु सबै

मितिः२०८२।०६।०७

विषयः भुक्तानी प्रणाली अवरुद्ध भएको सम्वन्धमा ।

प्रस्तुत विषयमा महालेखा नियन्त्रक कार्यालयको च. नं. ४४ मिति २०८२।०६।०७ को पत्रानुसार स्थानीय तहको आर्थिक कारोवारको प्रणाली स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) विगत केही दिनदेखी अवरुद्ध भई भुक्तानी हुन समस्या भएकोले राप्ती नगरपालिकाबाट हुने भुक्तानीमा ढिलाई हुने व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ । साथै (SuTRA) प्रणाली नियमित सुचारु भए पश्चात यथासिघ्र भुक्तानी प्रक्रिया अगाडि बढ्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

०६।०६
.....................
(गोविन्द प्याकुरेल)
आर्थिक प्रशासन प्रमुख

२०८२।०६।०७
.....................
(अमर बहादुर बली)
कार्यालय प्रमुख

☎:०५६-५५००१५ । इमेल : rraptimunicipality42@gmail.com | वेबसाइट : www.raptimun.gov.np

CamScanner